# स्थानीय राजपत्र

## सुस्ता गाउँपालिका द्वारा प्रकाशित

खण्ड ८) भाग : २ सुस्ता, चैत्र महिना ०२ गते, २०८२ साल (संख्याः २


## भाग-२

## सुस्ता गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुस्ता गाउँ कार्यपालिकाकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## **<u>२०८२ सालको कार्यविधि न. २</u>**

## कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावनाः**

**(१)** कृषि विकासका लागि कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले यस गाउँपालिकाका सबै वडाहरूमा विभिन्न वाली बस्तुहरु उत्पादन हुँदै आएका छन् । यस गाउँपालिकामा बहुजाति, बहुभाषिक बहुधार्मिक र पर्यटकिय पहिचान बोकेको यस गाउँपालिकामा कृषि व्यवसायको उल्लेख्य सम्भावना रहेकोले, युवा कृषक, कृषक समूह, कृषि सहकारी तथा विभिन्न कृषि फर्मलाई समेटेर दिगो कृषि विकास तथा व्यवस्थित कृषि व्यवसाय प्रवर्धनका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

हाल गाउँपालिकाले सिंचाइ प्रणाली सुदृढीकरणका लागि नहर, स्यालो ट्यूवेल तथा बोरिङ्गहरू मर्मत—सम्भार सँगै खाद्यान्न बाली, बीउ उत्पादन, मौसमी तथा बेमौसमी तरकारी खेती, मौरीपालन, च्याउ खेती, ग्रिनहाउस तथा प्लाष्टिक टनेल निर्माण लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरूले सुस्ता गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने प्रयत्न गर्दै उत्पादनमूखी प्रतिस्पर्धात्मक बजारको निर्माण गर्ने लक्ष्य लिएका छन्।

यसै सन्दर्भमा, सुस्ता गाउँपालिकामा सञ्चालन हुने विभिन्न कृषि विकास कार्यक्रमहरूको प्रक्रियालाई व्यवस्थित गर्ने उद्देश्यले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ को उपदफा (२) र **प्रशासकीय कार्यविधि (नियमन) ऐन, २०७४** को दफा ३ ले दिएको अधिकारका आधारमा, सुस्ता गाउँपालिका गाउँ कार्यपालिकाबाट **कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** स्वीकृत गरिएको छ।

### (२) कार्यबिधिको औचित्यताः

नेपाल एक कृषि प्रधान देश हो । कूल जनसंख्याको ६१.२% कृषिमा आश्रित रहेको पाइ । साथै जनसंख्याको ६६% रोजगारीको अवसर प्रदान र कुल गार्हस्थ उत्पादनको २७.६% कृषिको योगदान रहेको भए तापनि विगत वर्षको भन्दा कृषिमा आश्रित जनसंख्या घटदै गएको छ । सुस्ता गाउँपालिकामा वि.स. २०७८ को जनगणना अनुसार २५८९० जनसंख्या रहेको छ ।यस सुस्ता गाउँपालिकाको क्षेत्रफल ९१.२३ वर्ग कि.मि. रहेको छ भने यहाँको खेतीयोग्य जमिन ३०७०.३२ हेक्टर रहेको छ ।

सुस्ता गाउँपालिकामा कृषि व्यवसाय प्रतिको घटदो अवस्थालाई क्रमश बृद्धि गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी व्यावसायमूलक वनाउन र यस गाउँपालिकाले लिएको नीति अनुरूप कृषि पेशालाई मर्यादित वनाई ताजा तथा स्वस्थ्य वाली उत्पादन गरी वाह्य क्षेत्रसम्म पनि यहाँको नमूना कार्यको अनुशरण गर्ने गरी यो कार्यविधि तयार गरिएको हो । यस गाउँले कृषि विकासको क्षेत्रमा विनियोजन गरेको वजेटको सहि सदुपयोग र व्यवस्थित कार्यक्रम सञ्चालन पद्धतिका लागि यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने वातावरण सृजना गरी सेवा प्रदायक र सेवाग्राहीका लागि विश्वस्थ पारी उपलब्ध श्रोतको सदुपयोग गर्नका लागि मार्ग निर्देशन गर्ने गरी कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ तयार गरिएको हो ।

**(३) संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम सुस्ता गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०८२ रहेको छ ।

२. यो कार्याविधि सुस्ता गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ ।

३. यो कार्यविधि सुस्ता गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

## परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिका सम्झनु पर्नेछ ।

(ख) "कार्यालय" भन्नाले सुस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) "अध्यक्ष" भन्नाले सुस्ता गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(घ) "उपाध्यक्ष" भन्नाले सुस्ता गाउँपालिकाको उपाध्यक्षलाई जनाउनेछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुस्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(च) "शाखा" भन्नाले सुस्ता गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(छ) "वडा" भन्नाले सुस्ता गाउँपालिका अन्तरगतका सबै वडाहरू सम्झनु पर्नेछ ।

(ज) "प्राविधिक" भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखावाट खटाइएको सम्बन्धित प्राविधिक सम्झनु पर्नेछ ।

(झ) "सहकारी" भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "कृषक" भन्नाले कृषि कार्यत्रक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

(ट) "अनुदान" भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिइने अनुदान सम्झनु पर्नेछ

(ठ) "प्रस्तावक" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त कृषक/व्यवसायिक कृषि फर्म/कृषक समुह / कृषि सहकारी/निजि फर्म/उद्यमी सम्झनु पर्दछ ।

(ड) "कार्यविधि" भन्नाले कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८२ सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले सुस्ता गाउँपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन वमोजिम गठित कृषि समितिलाई सम्झनु पर्दछ ।

(ण) "मूल्याङ्कन समिति" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम गठित मूल्याङ्कन समितिलाई सम्झनु पर्दछ ।

(ण) "लगानी " भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यहोंने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

(त) "श्रमदान" भन्नाले प्रस्तावक वा सेवाग्राहीले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु पर्दछ ।

(थ) "मागमा आधारित अनुदान" कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा दिइने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

## (४) उद्देश्यः

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

१. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणाली द्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिवी निवारणमा टेवा पुऱ्याउने ।

२. कृषि क्षेत्रमा उन्नत तथा हाइब्रिड बीउविजन,मल,विषादि तथा यान्त्रिकीकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।

३. व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

४. प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण सम्बद्धन एव सदुपयोग गर्ने ।

५. प्रस्तावकहरूको प्रस्ताव बमोजिमका कार्यक्रमहरू संचालन गर्ने ।

६. कृषि क्षेत्रमा नविनतम प्रविधिहरु विस्तार गरी उत्पादनमा वृद्धि गर्नुका साथै लागत घटाउने ।

७. व्यवसायिक कृषि कार्यक्रम मार्फत समृद्ध सुस्ता गाउँपालिकाको लक्ष्य प्राप्ति गर्ने ।

## (५) कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रियाः

### (क) मौरी तथा पारिवारिक पोषण कार्यक्रमः

यो कार्यक्रममा विशेष साना कृषकहरूका लागि पारिवारिक पोषण तर्फ मौरी विस्तारका लागि खालि घारमा अनुदान र व्यवसायिक मौरी पालनका लागि मौरी गोला तथा मौरीजन्य सामाग्रीमा अनुदान दिइनेछ ।

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहि तालिम,गोष्ठी,अवलोकन भ्रमण, अन्तरक्रिया, प्रविधि प्रदर्शन जस्ता विविध कार्यक्रम संचालन गर्न सकिनेछ ।

२. कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान गरी कृषकहरूलाई १५ दिने सूचना प्रकाशित गरिनेछ ।

३. प्रस्तावकले प्रस्तावनाका साथ व्यवसायिक योजना र लागत स्टिमेट पेश गर्नुपर्ने छ । वजेटको उपलब्धता वढीमा ५०% सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

४. व्यवसायिक मौरी पालनका लागि न्युनतम १० मौरी गोला/घार भएका कृषकले मात्र प्रस्तावना पेश गर्न पाउने छन् । तर मौरीपालन गर्न चाहने कृषकहरुलाई कार्यक्रममा सहभागी हुनबाट बञ्चित गरिने छैन ।

५. यस कार्यक्रम वमोजिम मौरीपालन सम्बन्धी मौरीजन्य सामाग्रीहरु अनुदानमा वितरण गरिने छ ।

६. निर्धारित समय भित्र पर्न आएका प्रस्तावहरूको छनौट र सिफारिस समितिवाट गरिनेछ ।

७. प्रस्ताव पेश गर्दा अनुसूची ५ बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ ।

**(ख) अनुदानमा वीउ वितरण कार्यक्रमः**

यो कार्यक्रम खाद्यान्न वाली,तरकारी बाली, तेलहन, दलहन बालीमा उन्नत र तथा वर्णशंकर जातका बीउ वितरण गरी कार्यक्रम सञ्चालन गरी वालीबस्तुको उत्पादन, उत्पादकत्व बृद्धि गर्ने र कृषकहरुलाई खाद्यान्न तथा तरकारी बालीहरुमा आत्म निर्भर बनाई परनिर्भरता न्यूनीकरण गर्ने उद्धेश्यका लागि संचालन गरिनेछ । साथै गाउँ भित्रका बीउ उत्पादक कृषक समूह तथा सहकारीहरुका लागि मूल बीउ/उन्नत बीउ उत्पादनका लागि अनुदानमा बीउ उपलब्ध गराइने छ ।

१. कृषि सहकारी संस्था/कृषक समूह/कृषि उद्यमी/ कृषकको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । साथै गाउँ भित्रका मुख्य वालीहरुको वीउ उत्पादन गरी रहेका कृषि सहकारी संस्थाहरूको वीउ उत्पादन, भण्डारण तथा कारोवार विवरण पेश गर्नका लागि सूचना प्रकाशन गरिनेछ ।

२. अनुदानमा वितरण गरिने वालीवस्तुको बीउविजनहरु राष्ट्रिय बिउविजन समितिबाट सूचीकृत वा पञ्जीकृत भएको हुनपर्नेछ ।

३. कार्यक्रम सञ्चालन गर्नका लागि यस कार्यालयले १५ दिने सूचना प्रकाशित गर्नेछ । यस्तो सूचना सबै वडा कार्यालय मार्फत सरोकारवालाहरुलाई जानकारी दिइनेछ ।

४. तोकिएको समय भित्र पर्न आएका आवेदनहरुको छनौट र सिफारिस कृषि कार्यक्रम कार्यान्वयन समितिबाट गरिनेछ ।

५. खाद्यान्न बाली तरकरी वाली र ढैंचाको वीउमा वढीमा ७५% अनुदान उपलब्ध गराइनेछ । अनुदान वाहेकको बॉकी रकम कृषकको लागत साझेदारी स्वरुप व्यर्होनु पर्नेछ । अनुदान रकम कृषकले बीउविजन खरिद गर्दा तोकिए वमोजिम अनुदान  रकम छुट गरी बाँकी रकम कृषक स्वयंले तिर्नु पर्नेछ ।

६. खाद्यान्न बालीको मूल बीउ तथा उन्नत बीउ उत्पादन गर्ने कृषक समूह, कृषि सहकारी र उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि प्रति कठ्ठा रु. १०००।- प्रदान गरिने गरिने छ । साथै प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।

७. कार्यक्रम अन्तरगत तालिम, गोष्ठी तथा कृषक अवलोकन भ्रमण, प्रविधि प्रदर्शन समावेश गर्न सकिनेछ ।

८. खाद्यान्न वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि कृषकहरूलाई मूलबीउ/उन्नत बिउ कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

९. अनुदानमा बीउ प्राप्त गर्नका लागि आवेदन दिएका आवेदन कर्तामध्येबाट छनौट भएका कृषकहरूलाई बजेटको परिधिभित्र रही बीउ खरिद गरि उपलब्ध गराउन सकिने वा कार्यालयको अनुदान रकम बैङ्क खाता मार्फत भुक्तानी गर्न सक्नेछ ।

**(ग) जग्गा भाडा लिई कृषि व्यवसाय गर्नेहरूलाई प्रोत्साहन अनुदानः**

जग्गा भाडामा लिई कृषि व्यवसाय गर्नेहरूका लागि कृषि वाली उत्पादन, प्रशोधन र वजारीकरणमा पहुँच पुऱ्याई कृषि व्यवसायमा प्रत्यक्ष राहत पुऱ्याउन यो कार्यक्रम संचालन गरिनेछ ।

१. यस कार्यक्रम अन्तरगत कृषि वाली उत्पादन ,प्रशोधन र वजारीकरणका कार्यक्रमहरू मात्र समावेश गरिनेछ ।

२. विदेशवाट फर्कि कृषि व्यवसाय संचालन गरेका वा गर्न इच्छुक यूवाहरूलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ र  व्यावसायिक रुपमा कृषि पेशा अपनाई कृषि व्यावसाय सञ्चालन गर्दै आएका कृषि उद्यमीहरुले पनि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्ने छन् ।

३. जग्गा भाडामा लिई कृषि पेशा गरी आएको हकमा भाडा अवधि कम्तीमा ५ वर्षको हुनु पर्नेछ ।
४. विगत देखि व्यवसाय संचालन गरी आएकाको हकमा कम्तीमा चालु आ.व. को अवधि बाँकी नै रहेको हुनु पर्नेछ ।
५. यस गाउँपालिकामा व्यवसाय दर्ता तथा नवीकरण गरेको हुनु पर्ने छ वा दर्ता गरी निवेदन दिन सकिनेछ ।
६. निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय र गाउँपालिका कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।
७. कार्यक्रम संचालनका लागि प्रथम पटक १५ दिने प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशित गरिनेछ ।
८. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
९. छनौट भएका आवेदकहरुलाई करार सम्झौता वमोजिमको कुल रकममा बढीमा ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ ।
१०. प्रस्ताव पेश गर्दा अनुसूची ५ बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ ।

(घ) गाउँपालिकाभित्र रहेका कृषक समुह,कृषि सहकारी,व्यवसायिक कृषि फर्म तथा कृषि पेशासँग सम्बन्धित अन्य समितिहरूको तथ्याङ्क संकलन एवं अभिलेखिकरण कार्यक्रमः

कृषि विकास कार्यक्रम संचालन तथा विकासका लागि कृषक समुह,कृषि सहकारी, व्यवसायिक कृषि फर्म, सम्बन्धित विभिन्न समितिहरू,वडा संग समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ । सोही कार्य प्रभावकारी तथा यस गाउँको तथ्याङ्कमा समावेश गर्नका लागि सहयोग हुने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

१. सम्वन्धित कृषि प्राविधिकहरू वाट फिल्ड अनुगमन गरी तथ्याङ्क संकलन तथा अभिलेखिकरण गरिनेछ ।
२. यस कार्यक्रममा कृषि विकासमा हिजो र आज के फरक भयो त्यसको प्रभावकारिता अध्ययन गर्नका लागि कृषि विज्ञको सहयोग लिन सकिनेछ ।
३. संकलित तथ्याङ्कहरूको आधारमा कृषि तथ्याङ्क पुस्तिका तयार गरिनेछ र सरोकारवाला कार्यालयहरुमा समेत पठाइने छ ।

**(ङ) व्यवसायिक तरकारी खेती प्रवर्द्धन तथा विस्तार कार्यक्रम :**

कार्यक्रम विशेषत व्यावसायिक रुपमा तरकारी उत्पादनमा जोड दिदै तरकारी खेती विस्तार कार्यक्रमको निरन्तरता तथा स्वस्थ वाली उत्पादन गरी उपभोग र बजारीकरण गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

१. कार्यक्रम सञ्चालनका लागि प्रथम पटक १५ दिने सूचना आह्वान गरी वडा कार्यालयहरू मार्फत सूचना प्रकाशित गरिनेछ ।
२. यस कार्यक्रम अन्तरगत राष्ट्रिय बीउविजन समितिद्धारा पञ्जीकृत वा सूचीकृत भएका उन्नत तथा हाइब्रिड तरकारी तथा च्याउको बीउ विजनहरुमा बढीमा ७५ प्रतिशतसम्म अनुदानमा वितरण गरिने छ ।
३. यस कार्यक्रम वमोजिम अनुदानग्राहीले अनुदानमा बीउ विजनहरु प्राप्त गर्नका लागि कम्तिमा ३ कठ्ठा (२ रोपनी) क्षेत्रफलमा तरकारी खेती गर्दै आएको हुनु पर्नेछ तर कुनै व्यक्तिले तोकिएको क्षेत्रफलमा तरकारी खेती गर्ने प्रतिवद्धता सहित आवश्यक कागजातहरु पेश गरेमा अनुदानमा बीउविजन वितरण गर्न बाधा पर्ने छैन ।

४. नविनतम प्रविधिहरुमा साना कृषि औजार तथा यन्त्र उपकरणमा बढीमा ५० प्रतिशतसम्म अनुदान दिइने छ ।
५. कार्यक्रम संचालनका लागि आवश्यकताका आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ ।
६. कार्यक्रम सञ्चालनका लागि प्रस्तावको ढाँचा अनुसूची ३ बमोजिम पेश गर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र पर्न आएका आवेदनहरुको छनौट मूल्याङ्कन समितिवाट गरिनेछ र सो को एकप्रति सूचना पाटिमा टाँस गरी सम्बन्धित वडा कार्यालयहरुमा समेत पठाइने छ ।
८. कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी मार्फत साझेदारीमा कार्यक्रम संचालन गर्न सकिनेछ ।
९. कार्यक्रम संचालनमा प्राङ्गारिक तथा जैविक मल तर्फ वढीमा ७५% सम्म अनुदान दिन सकिनेछ ।
१०. कार्यक्रम सञ्चालनका लागि कृषक समुह, कृषि सहकारी ,कृषि उद्यमीले अमानतमा काम गर्न सक्ने छन् ।
११. प्लाष्टिक मल्चिङ्ग विधिबाट तरकारी खेती गर्ने कृषकहरुलाई बढीमा ७५ प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक उपलब्ध गराइने छ ।
१२. कार्यालयले उपलब्ध गराउने अनुदान रकम बाहेक कृषकले लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम सम्बन्धित सप्लायर्सहरु एकमुष्ठ उपलब्ध गराउनु पर्ने छ । साथै अनुदान वापत कार्यालयले बुझाउनु पर्ने रकम शाखाको राय अनुसार सम्बन्धित सल्लायर्सलाई नियमानुसार भुक्तानी दिने वा सम्बन्धित कृषकलाई बैङ्क खाता मार्फत भुक्तानी दिइने छ ।

**(च) करेसाबारी कार्यक्रमः**

यो कार्यक्रम विशेषत सुस्ता गाउँपालिका वडा नं.१ र २ का बजार क्षेत्रका वडामा संचालन गर्न सकिनेछ । १ जना व्यक्तिले दैनिक औसत ३०० ग्राम ताजा तरकारी उपभोग गर्ने वढ्दै गएको विलासि पना,घरको फोहर व्यवस्थापन गरी मोहरमा परिणत गर्न तथा करेसाबारीमा रमाउने र करेसाबारी खेतीको माध्यमबाट पोषण सुरक्षामा टेवा पुऱ्याउने उद्धेश्य राखि यो कार्यक्रम संचालन गरिनेछ ।

१. कार्यक्रम संचालनका लागि सम्बन्धित वडा कार्यालयहरू मार्फत सूचना प्रवाह गरिनेछ ।
२. कार्यक्रम संचालनका लागि वडा अन्तरगत रहेका टोल विकास संस्था, समुह तथा व्यक्तिहरुले प्रस्ताव पेश गर्न सक्ने छन ।
३. कार्यक्रममा तालिम, गोष्ठी, कृषि सामग्रीहरूमा अनुदान रकम खर्च गर्ने सकिनेछ ।
४. कार्यक्रम संचालनमा प्रस्तावकले गर्न सक्ने लागत सहभागिता पेश गर्नु पर्नेछ ।
५. यो कार्यक्रमका लागि रासायनिक विषादीमा कुनैपनि किसिमको अनुदान दिइने छैन ।
६. समय भित्र पर्न आएका प्रस्तावहरूको छनौट र सिफारिस समितिवाट गरिनेछ ।
७. प्रस्ताव अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।

**(छ) सिचाई वोरहरू मर्मत तथा स्यालो ट्युवेल जडान**

कृषि विकास कार्यक्रम संचालन तथा दिगोपनाका लागि सिंचाई,यातायात तथा विधुतीकरण अति आवश्यक रहन्छ । विगत वर्षमा निर्माण भएर सिंचाई व्यवस्थापन गरी रहेका र विविध समस्या तथा चुनौतिले गर्दा

संचालनमा आउन नसकेका बोरिङ्गहरूलाई पुन संचालनमा ल्याई कृषि विकास कार्यक्रममा प्रत्यक्ष टेवा पुऱ्याउने
उद्धेश्यका साथ यो कार्यक्रम संचालन गरिने छ भने स्यालो ट्युवेल जडान कार्यक्रम थप नयाँ सिंचाई व्यवस्थापनका लागि संचालन गरी सिंचित जग्गाको क्षेत्रफल वढाउने गरी कार्यक्रम संचालन गरिने छ ।

१. बोरिङ्ग स्थापना भएका वडाहरूमा संचालनमा रहेका वा मर्मत गर्नु पर्ने विवरण अध्यावधिक तथा ट्युवेल जडान का लागि प्रस्ताव पेश गर्नका लागि सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशित गरिने छ ।

२. प्राप्त प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात प्राविधिकबाट प्रतिवेदन तयार गरिने छ ।

३. गत आ.व.मा अनुदान लिएर संचालनमा आएका तर थप पाइप लाइन तथा अन्य च्यानलहरू विस्तार तथा मर्मत गर्न बाँकी रहेका बोरिङ्गहरूका लागि पनि यो अनुदान कार्यक्रम संचालन गर्न सकिनेछ ।

४.कार्यक्रम संचालनका लागि जल उपभोक्ता समिति गठन तथा पुर्नगठन गरी वा कृषक समूह/समितिबाट प्रस्ताव आह्वान गरिने छ ।

५. प्रस्ताव पेश गर्दा कार्यक्रम संचालनका लागि लाग्ने अनुमानित लागत पेश गर्नु पर्नेछ ।

६. अनुगमन रिर्पोट तयार तथा कम्पायल गरी सम्बन्धित समितिमा पेश गरिनेछ ।

७. समितिको निर्णयबाट अनुदान रकम तय गरी योजना छनौट गरी प्राविधिक लागत स्टिमेट बमोजिम संम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

८. यो कार्यक्रममा संघीय सरकारको साना सिंचाई शर्सत कार्यक्रम ,प्रदेश सरकारको कार्यक्रम तथा विभिन्न संघ संस्थाले दिने अनुदान रकम समेत समावेश गर्न सकिनेछ ।

९. गाउँपालिकावाट विनियोजित वजेट बाहेक उर्जा तर्फ व्यवस्थापन भएको शर्सत वजेटलाई समेत सोलार सिंचाई कार्यक्रममा समावेश गरी सिंचाई व्यवस्थापन संचालन गर्न सकिनेछ ।

१०.जल उपभोक्ता समिति, कृषक समुह, कृषि सहकारीको प्रस्ताव अनुसार कूल लागतको न्यूनतम १५% रकम वा श्रमदान अनिवार्य रहने छ सोही रकमबाट प्राविधिक खर्च आवश्यक भए व्यवस्थापन गर्न सकिने छ ।

११. कार्यक्रम संचालनका लागि अन्तरक्रिया, तथा आवश्यक तालिमको व्यवस्थापन गर्न सकिनेछ ।

१२.कार्यक्रम सम्पन्न गरी प्राविधिक मूल्याङ्कन, वडा कार्यालयको सिफारिस, स्थलगत फोटो विल भरपाई साथ भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

१३. प्रस्तावना अनुसूची २ बमोजिम पेश गर्नु पर्नेछ ।

**(ज) मागमा आधारित प्रस्तावित कार्यक्रमः**

यो कार्यक्रम सुस्ता गाउँपालिकाको कृषि व्यावसायलाई प्रर्वद्धन गर्नका लागि संचालन गरिनेछ । व्यवसायिक कृषक, उद्यमी, फर्म, कृषक समुह, टोल विकास संस्था तथा कृषि सहकारी संस्थाहरूले आफ्नो लगानीमा संचालन गर्ने जुनसुकै कृषि व्यवसायका लागि अनुदान सहकार्य रहनेछ, आकस्मिक वाली संरक्षण सेवामा समेत अनुदान दिन सकिने छ ।

१. यो कार्यक्रम नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने छ ।

२. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने छ ।
३. प्रस्तावको प्रकृति हेरी निजी फर्म तथा व्यक्तिको हकमा कम्तिमा रु. १०,०००।- देखि अधिकतम रू १००,०००।-सम्म अनुदान दिन सकिनेछ।समूहगत रुपमा अधिकतम रु.५०००००।-नबढ्ने गरी अनुदान दिन सकिनेछ ।
४. प्रस्ताव पेश गर्दा लागत स्टिमेट समेत पेश गर्नुपर्नेछ । कुल लागतमा ५० प्रतिशत नबढ्ने गरी छनौट भएका प्रस्तावकहरुलाई अनुदान उपलब्ध हुनेछ । अनुदान रकम नगदै वा सामाग्री खरिद गरिद गरी अनुदानमा वितरण गर्न समेत सकिने छ ।
५. प्रस्ताव अनुसूची १ बमोजिमको ढाँचामा व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।
६. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको अनुसूची ५ बमोजिम मूल्याङ्कन गरी र कार्यक्रम व्यवस्थापन समितिबाट छनौट गरिनेछ ।
७. कार्यक्रम सम्पन्न गरी मूल्याङ्कन सहित सम्बन्धित वडा कार्यालयको सिफारिस साथ पेश गर्नु पर्नेछ ।

**(झ) माटो परीक्षण गरी माटो सुधारका लागि सामग्री/प्रविधि हस्तान्तरण कार्यक्रमः**

यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल तथा विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावलाई सुधार गर्नु तथा माटो जाँच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

१. माटो परीक्षण मिनि ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ ।
२. माटो सुधारका लागि बढीमा ७५ प्रतिशत अनुदानमा जिंक, ढैचाको बीउ, कृषि चुन तथा जिप्समामा वितरण गर्न सकिने छ ।
३. यस कार्यक्रमबाट नविनतम तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गर्न सकिनेछ । तालिम तथा अभिमूखीकरण कार्यक्रमहरुमा कृषकहरुले लागत सहभागिता व्यहोर्नु पर्ने छैन । तर समूह तथा कुनै संस्थाले आयोजना गरेको भए तोकिए वमोजिम हुनेछ ।
४. नियमित रुपमा माटो जाँच गर्नका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु बढीमा ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने छ ।
५. माटो जाँच गरेपछि कार्यालयले माटो जाँच कार्ड वितरण गर्न सक्नेछ ।

**(ञ) भकारो सुधार कार्यक्रमः**

कार्यक्रम विशेषत पशु स्वास्थ्य सुधार ,व्यवसायिक प्राङ्गारिक तरकारी उत्पादनमा टेवा पुग्ने गरी संचालन गरिनेछ ।

१. कार्यक्रम सञ्चालनका लागि प्रथम पटक १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने छ ।
२. तोकिएको समयभित्र पेश हुन आएका प्रस्तावहरुको छनौट मूल्याङ्कन समिति वा कृषि प्राविधिकहरुले स्थलगत अनुगमन गरी आवश्यकतानुसार छनौट गरी सूचना सार्वजनिक गरिने छ । यस्तो सूचना

कार्यालयको सूचना पार्टि, वडा कार्यालयमा टाँस गरिनुको साथै सामाजिक सञ्चाल मार्फत समेत जानकारी गराइने छ ।

३. छनौट भएको प्रस्तावकहरुले तोकिएको समयमा सम्झौता लागि आवेदन दिनु पर्नेछ र आवेदनको आधारमा कृषक, कृषक समुह, सहकारी सँग सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।
४. कार्यक्रममा उन्नत प्रविधिको तालिम, प्रर्दशनी, कृषि औजार उपकरणमा अनुदान दिन सकिनेछ ।
५. भकारो सुधारका लागि कुल लागतको ५० प्रतिशत वा प्रति भकारो बढीमा रू २००००।-अनुदान दिन सकिनेछ ।
६. कार्यक्रममा सहभागी हुनका लागि कम्तीमा २ वटा ठूला पशुचौपाया पालेको र तरकारी खेती गरेको हुनु पर्नेछ ।
७. प्रस्तावको ढाँचा अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।
८. प्रस्तावको मूल्याङ्कन अनुसूची ५ बमोजिम नै हुनेछ ।

**(ट) यूवा लक्षित यूवा स्वरोजगार कार्यक्रमः( प्रस्तावनामा आधारित स्थायी तरकारी नर्सरी घर स्थापना)**

यो कार्यक्रम यूवा स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि नमूना नर्सरी स्थापना गर्ने गरी संचालन गरिनेछ ।

१. यो कार्यक्रम व्यवसायिक तरकारी वाली उत्पादनमा आधारित रहने छ ।
२. यो कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव संकलन गरिने छ । प्रकाशित सूचना विभिन्न माध्यमबाट सबै वडा कार्यालयहरुमा पठाई समुदाय स्तरमा समेत टाँस गरिने छ ।
३. कृषक,कृषक समुह, सहकारी तथा व्यवसायिक कृषि फर्महरूले यो यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।
४. बैदेशिक रोजगारवाट फर्किएको बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने छ । साथै अन्य कृषि उद्यमीले पनि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्ने छन् ।
५. विदेशबाट फर्किएको भए स्पष्ट विवरण खुल्ने कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।
६. कार्यक्रमको व्यवसायिक योजनाको ढाँचा अनुसूची १ वमोजिम हुनु पर्नेछ ।
७. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ४ बमोजिम हुनु पर्नेछ ।
८. दर्ता भएका प्रस्तावहरूको प्राविधिक तथा आर्थिक पक्ष अनुसार प्रस्तावहरूको छनौट र सिफारिस मूल्याङ्कन समितिवाट गरिनेछ ।
९. यस कार्यक्रम अन्तरगत अनुदानग्राहीले कम्तीमा २५ प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।
१०. योजना सम्पन्न पश्चात सम्बन्धित प्राविधिकको मूल्याङ्कन प्रतिवेदन, वडा कार्यालयको सिफारिस सक्कलै बील भौचरहरु पेश गरेमा नियमानुसार भुक्तानी दिइने छ ।

**(ठ) मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम**

कृषि पेशा तथा व्यावसायलाई आधुनीकीकरण तथा व्यावसायीकरण गरी न्यून लागतमा बढी प्रतिफल प्राप्त गर्नका लागि साना तथा मझौला किसिमका यन्त्र उपकरणहरु वितरण गरिनेछ । यसरी वितरण गरिने यन्त्र तथा उपकरणहरु कृषकहरुको माग वमोजिम हुनेछन् ।

१. नविनतम प्रविधि तथा दिगो कृषि विकासमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गरिने छ ।
२. कार्यक्रम सञ्चालनका लागि कम्तिमा १५ दिने सुचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिने छ ।
३. यस कार्यक्रममा कृषक, कृषि उद्यमी , कृषक समूह तथा कृषि सहकारीले प्रस्तावना पेश गर्न सक्ने छन् ।
४. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरुको माग वमोजिम फिल्ड अनुगमन पश्चात मूल्याङ्कन समितिबाट छनौट गरिने छ । अनुदानग्राहीले ५० प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।
५. प्रस्ताव पेश गर्दा अनुदाग्राहीले ५० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धता समेत संलग्न गर्नु पर्ने छ ।
६. कार्यक्रम सञ्चालनका लागि न्यूनतम १०,००० रुपैया देखि अधिकतम ५,००,००० रुपैया सम्म मूल्यपर्ने यन्त्र तथा उपकरणहरु कार्यालयले खरिद गरी वा कृषकहरुले खरिद गरेको बील भरपाई र प्राविधिकले गरेको अनुगमनको प्रतिवेदनको आधारमा कृषकहरुलाई अनुदान रकम उपलब्ध गराइने छ । साथै कृषकहरुले यन्त्र तथा उपकरण खरिद गर्नुपर्ने भएमा सार्वजनिक खरिद ऐन, नियम अनुसार खरिद गर्नु पर्नेछ ।
७. प्रस्ताव अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।
८. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ४ बमोजिम हुनु पर्नेछ ।
९. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको अनुसूची ५ बमोजिम मूल्याङ्कन गरी र कार्यक्रम व्यवस्थापन समितिबाट छनौट गरिनेछ ।
१०. कार्यक्रम सञ्चालनका लागि छनौट भएका अनुदानग्राही विवरण सूचना पार्टीमा टाँस गरी वडा कार्यालयहरुमा समेत टाँस गर्न लगाइने छ ।
११. कार्यक्रमको प्रकृति अनुसार यन्त्र तथा उपकरणहरु वितरण गर्नुभन्दा पहिले अनुदानग्राहीसँग सम्झौता गरी सोही अनुसार सामग्री खरिद गरी यन्त्र तथा उपकरणहरु उपलब्ध गराउन सकिने छ ।

**(ड) बेमौसमी तरकारी उत्पादनका लागि (प्लाष्टिक सिट, इन्सेक्ट नेट,थोपा सिचाई ईजि ड्रिप )**

१. यो कार्यक्रम आधुनिक प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
२. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन मार्फत प्रस्ताव आह्वान गरिनेछ ।
३. कृषकहरुले प्रस्ताव अनुसूची ३ बमोजिम पेश गर्नुपर्नेछ ।
४. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ५बमोजिम हुनु पर्नेछ ।
५. प्रस्ताव अनुसूची ६ बमोजिम मूल्याङ्कन हुनेछ ।
६. प्लाष्टिक सिट, इन्सेक्ट नेट, थोपा सिचाई तथा प्राङ्गारिक मलमा कुल लागतको बढीमा ७५ प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइने छ ।

७. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात छनौट र सिफारिस समितिवाट गरिनेछ ।

८. छनौट भएका अनुदानग्राहीको सूचना सार्वजनिक गरी सम्झौताका लागि नियमानुसार जानकारी गराइने छ ।

९. अनुदानग्राहीले सम्झौता वमोजिम कार्य सञ्चालन गर्नुपर्ने छ । अन्यथा कार्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।

१०. अनुदानग्राहीले भुक्तानी रकम माग गर्दा सम्झौताको प्रतिलिपी, कार्यसम्पन्न प्रतिवेदन, कार्यक्रम संचालनको फोटोहरु, सक्कलै बील भरपाईहरु र भुक्तानी निवेदन पेश गर्नुपर्नेछ ।

**(ढ) व्यावसायिक कृषि फर्म निर्माण**

कृषि व्यावसायलाई आधुनिकीकरण गर्दै कृषि व्यवसाय प्रवर्द्धन तथा विस्तार गर्न उत्प्रेरित गर्नुका साथै कृषक, कृषि उद्यमीहरुलाई प्रोत्साहन गर्दै नविनतम प्रविधिको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न यस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ । कृषि विकासका नयाँ विधि र प्रविधिहरु समुदाय स्तरमा प्रचार प्रसार गरी अन्य कृषकहरुलाई प्रविधि ग्रहण गराइने छ । यस्ता फर्महरुले मौसमी तथा बेमौसमी तरकारी, फलफूल, बीउविजन उत्पादन एवं विक्रि वितरण, नर्सरी निर्माण, भकारो सुधार, कम्पोष्ट मल निर्माण, गड्यौली मलको उत्पादन , प्लाष्टिक टनेल निर्माण, जाली घर निर्माण, साना सिचाईका पूर्वाधारहरु निर्माण, आधुनिक कृषि यान्त्रीकरणको सञ्चालनका माध्यमबाट आफ्नो कृषि व्यवसायलाई सहज तथा व्यवस्थित गर्न सकिनेछ।

**कार्यक्रम सञ्चालन प्रक्रिया**

१. कार्यक्रम सञ्चालनका लागि १५ दिने सूचना प्रकाशन मार्फत प्रस्ताव आह्वान गरिने छ । तोकिएको समयमा आवश्यक प्रस्ताव पर्न नआएमा दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गरिनेछ ।

२. कार्यक्रम सञ्चानका लागि कृषक, कृषि उद्यमी तथा कृषि फर्महरुले अनुसूची ६ बमाजिमका आवश्यक कागजात सहित प्रस्तावना पेश गर्न सक्नेछन् ।

३. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू अनुसूची ४ बमोजिम हुनु पर्नेछ ।

४. व्यावसायिक कृषि फर्म निमार्णका लागि संरचना निर्माण, कृषि यन्त्र तथा उपकरणहरुमा कुल लागत ५० प्रतिशत, प्लाष्टिक टनेल, इन्सेक्ट नेट, थोपा सिचाईमा प्राङ्गारिक मल, झोल मल, जैविक मलमा अधिकतम ७५ प्रतिशत र भकारो सुधार तर्फ बढीमा १५०००।- वा कुल लागतको बढीमा ५० प्रतिशत अनुदान दिन सकिने छ ।

५. व्यावसायिक फर्म निर्माणमा कृषकहरुलाई प्रोत्साहन गर्नका लागि यस कार्यालयमा दर्ता भएका वा सूचीकृत भएका कृषि फर्महरुलाई ५०,०००।- देखि बढीमा ३ लाख रुपैया सम्म अनुदान दिन सकिने छ ।

६. तोकिएको समय भित्र पर्न आएका प्रस्तावहरूको स्थलगत अनुगमन पश्चात छनौट र सिफारिस समितिवाट गरिनेछ ।

७. छनौट भएका अनुदानग्राहीको सूचना सार्वजनिक गरी सम्झौताका लागि नियमानुसार जानकारी गराइने छ ।

८. अनुदानग्राहीले सम्झौता वमोजिम कार्य सञ्चालन गर्नुपर्ने छ । अन्यथा कार्यालयले भुक्तानी दिन बाध्य हुने छैन ।

९. अनुदानग्राहीले भुक्तानी रकम माग गर्दा सम्झौताको प्रतिलिपी, कार्यसम्पन्न प्रतिवेदन, सक्कलै बील भौचरहरु र निवेदन पेश गर्नुपर्ने छ । अनुदान रकम कृषकहरुलाई बैङ्क खाता मार्फत भुक्तानी गरिने छ ।

**(ण) व्यावसायिक कृषि फर्म निर्माण**

१. पोषण सुरक्षालाई प्रवर्द्धन गर्दै दिगो कृषि विकास तथा कृषकको आयआर्जन वृद्धि गर्ने उद्देश्यले हिउँदे तथा वर्षे फलफूल बिरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/समूह/संस्थाले प्रकाशित सूचना अनुसार अनुसूची—४ बमोजिमका आवश्यक कागजात संलग्न गरी निर्धारित समयसीमाभित्र प्रस्ताव/आवेदन पेश गर्नु पर्नेछ।

३. बगैंचा स्थापना तथा पोषण सुधारका लागि फलफूल बिरुवामा स्वीकृत लागतको बढीमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ। अनुदान सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून तथा स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

४. बिरुवा वितरणका लागि कम्तीमा १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गरी कृषकहरूको माग संकलन गरिनेछ।

५. बिरुवा वितरण गर्दा सम्बन्धित क्षेत्रको भौगोलिक अवस्था, हावापानी, माटोको प्रकृति तथा बजार पहुँचलाई ध्यानमा राखी उपयुक्त जात तथा प्रजातिका बिरुवाहरू प्राथमिकतामा राखिनेछ।

६. आवेदन फाराममा आवश्यक बिरुवा तथा जात स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ र पेश भएका प्रस्तावहरू प्राविधिक मूल्याङ्कन पश्चात् मात्र स्वीकृत गरिनेछ।

७. वितरण गरिएका बिरुवाहरूको रोपण, संरक्षण तथा व्यवस्थापनको अनुगमन सम्बन्धित शाखाबाट गरिनेछ र लाभग्राहीले प्राप्त अनुदानको उद्देश्यअनुसार उपयोग गर्नु पर्नेछ ।

**(त) विद्यालय पोषण तथा करेसावारी निर्माण कार्यक्रमः**

१. विद्यार्थीको पोषण सुरक्षालाई ध्यान दिदै गापा भित्रका सरकारी तथा सामुदायिक विद्यालयमा यो कार्यक्रम संचालन गरिनेछ।

२. कार्यक्रममा सहभागी हुन इच्छुक सामुदायिक विद्यालयले विद्यालयको निर्णय तथा प्रस्तावित क्रियाकलाप सहितको लागन अनुमान तयार गरी निर्धारित समयसीमाभित्र प्रस्ताव/आवेदन पेश गर्नु पर्नेछ।

३. करेसावारी स्थापना तथा पोषण सुधारका लागि तरकारी फलफूलहरुको बीउ तथा बेर्नामा स्वीकृत लागतको बढीमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ। अनुदान सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून तथा स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

४. कार्यक्रम संचालनका लागि कम्तीमा १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ।

५. तरकारीको बिउ, बेर्ना तथा फल तथा फुलहरुका बिरुवा वितरण गर्दा सम्बन्धित क्षेत्रको भौगोलिक अवस्था, हावापानी ध्यानमा राखी उपयुक्त जात तथा प्रजातिका बिरुवाहरू प्राथमिकतामा राखिनेछ।

६. यस कार्यक्रम अन्तरगत जैविक मल, जैविक विषादि, सिचाई सामग्री, प्लाष्टिक नेट, टनेल निर्माण, कोकोपिट, गमला, भर्मी कम्पोष्ट निर्माण र कृषि यन्त्र तथा उपकरणहरु खरिदमा बढिमा ७५प्रतिशत अनुदान दिन सकिनेछ । बीउ तथा बेर्नाको खाल्डो खन्नु पर्ने अवस्था आएमा विद्यालय स्वयमले गर्नुपर्नेछ ।

७. कार्यक्रम संचालनका लागि एकवर्षमा अनुदान रकम रु.१०००००।- भन्दा बढी उपलब्ध गराइने छैन ।

८. कार्यक्रम संचालनको अनुगमन सम्बन्धित शाखा तथा गाउँपालिकाबाट गरिनेछ र लाभग्राहीले प्राप्त अनुदानको उद्देश्यअनुसार उपयोग गर्नु पर्नेछ ।

**कृषि प्रसार कार्यक्रम**

**(क) क्षमता अभिवृद्धि कार्यक्रम**

**तालिम/गोष्ठी/अन्तरक्रिया/ अभिमूखिकरण कार्यक्रम संचालन**

व्यवसायिक वा सम्भावनायुक्त खेती भएका वालीबस्तुहरूको आधुनिक खेती प्रविधि र नयाँ कृषि प्रणालीको विकासका लागि तालिम, गोष्ठी वा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममा सहभागीहरूमा जनप्रतिनिधि, कृषि विज्ञ, कृषि प्राविधिक, कृषक समूहका सदस्य, कृषि सहकारीका प्रतिनिधि, एग्रोभेट व्यवसायका प्रतिनिधि, बीउ उत्पादक, निर्जीवन बीमा कम्पनीका प्रतिनिधि, धान तथा गहुँ मिल सञ्चालक, रासायनिक मल वितरण संघ/संस्था, कृषि क्षेत्रका गैरसरकारी संस्था, व्यवसायिक कृषि उद्यमी, तरकारी संकलन केन्द्रका प्रतिनिधि र हाटबजार/बजार व्यवस्थापनका प्रतिनिधिहरू समावेश हुनेछन्।कृषक/सेवाग्राहीको क्षमता विकास र खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने उद्देश्य राखिनेछ।

१. तालिम/गोष्ठीमा सहभागी कृषकहरूको छनौट वडा कार्यालयको सहजिकरणमा गरिनेछ।प्रति तालिम समूहमा १५ देखि ३० जना कृषक सहभागी हुनेछन्।

२. तालिम/गोष्ठी/अभिमुखिकरण कार्यक्रमको अवधि अधिकतम ७ दिनसम्म हुनेछ।

३. कार्यक्रम सञ्चालनको लागत अनुमान (स्टिमेट) तयार गरी पूर्व स्वीकृति प्राप्त गरेपछि मात्र तालिम सञ्चालन गरिनेछ।

४. कार्यक्रमको बजेट प्रचलित कानुन र गाउँपालिकाको वित्तीय निर्देशिका अनुसार विनियोजन गरिनेछ।
५. घुम्ती तालिममा सहभागी कृषकहरूलाई भत्ता दिइने छैन। तर सहभागीहरूको खाजा खर्च र स्टेशनरी प्रचलित कानुन अनुसार उपलब्ध गराइनेछ ।
६. वडामा संचालन हुने तालिम/गोष्ठी/अभिमुखिकरण कार्यक्रममा प्रति सहभागी रु. ३००।— आतेजाते वापत उपलब्ध गराइनेछ।
७. गाउँपालिका स्तरमा संचालन हुने तालिम/गोष्ठी/अभिमुखिकरण कार्यक्रममा प्रति सहभागी रु. ५००।— आतेजाते वापत उपलब्ध गराइनेछ।
८. तालिममा प्रशिक्षण दिने प्रशिक्षकहरूले प्रदेश कानुन अनुसार पारिश्रमिक पाउनेछन्।
९. कार्यक्रमको प्रभावकारिता, सहभागी प्रतिक्रिया, तालिम सामग्रीको उपयोग र सिकाइ परिणामको अनुगमन सम्बन्धित शाखाबाट गरिनेछ ।
१०. तालिमको क्रममा सहभागीहरूको उपस्थिति, सहभागिता र अभ्यासात्मक गतिविधि अभिलेख गरिनेछ।
११. कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी कार्यालयमा पेश गरिनेछ।

**(ख) मिनीकिटः (उन्नत तथा वर्णशंकर वीउ)**

१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। तरकारी खेतीका लागि उपयुक्त जग्गा भएका सेवाग्राहीहरूलाई कार्यक्रममा समावेश गरिनेछ।
२. कार्यक्रम सञ्चालन गर्दा कृषक समूह, कृषि सहकारी तथा व्यक्तिगत कृषकलाई प्राथमिकताको आधारमा मिनिकिट वितरण गरिनेछ।
३. तरकारी बीउ वितरण गर्दा कम्तीमा २ देखि ५ वटा बाली/जात समावेश भएको १ (एक) सेट तयार गरिनेछ। एक सेटको अधिकतम लागत रु. ३००।— सम्म रहनेछ।
४. मिनिकिट वितरण गर्दा राष्ट्रिय बीउ विजन समितिबाट सूचीकृत वा पञ्जीकृत भएका तरकारी बालीका जातहरू मात्र वितरण गरिनेछ।
५. कृषक समूह तथा कृषि सहकारीहरूले मिनिकिट माग गर्दा देहायका कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछः
   (क) निर्णय प्रतिलिपी,
   (ख) दर्ता प्रमाणपत्रको प्रतिलिपी,
   (ग) निवेदन पत्र ।
६. एक कृषक समूहलाई बढीमा २५ (पच्चीस) सेट र कृषि सहकारीलाई बढीमा ५० (पचास) सेटसम्म मिनिकिट वितरण गर्न सकिनेछ।
७. एक आर्थिक वर्षभित्र हिउँदे तथा ग्रीष्मकालीन/वर्षे सिजन गरी बढीमा २ (दुई) पटकसम्म मिनिकिट वितरण गर्न सकिनेछ।
८. वितरण गरिएका मिनिकिटहरूको प्रयोग, उत्पादन अवस्था तथा प्रभावकारिताको अनुगमन सम्बन्धित शाखाबाट गरिनेछ र लाभग्राहीले प्राप्त सामग्रीको उद्देश्यअनुसार उपयोग गर्नु पर्नेछ।

**(ग) बाली संरक्षण सेवा**

**१.उद्देश्यः**

कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने तथा उत्पादित उपभोग्य वस्तु मानव स्वास्थ्यमा प्रतिकुल असर नगर्ने सुनिश्चित गर्दै वाली संरक्षणका विविध कार्यक्रम सञ्चालन गरिनेछ।

**२.कार्यक्रमको संरचनाः**

वाली संरक्षण सेवा अन्तर्गत निम्न कार्यक्रमहरू समावेश गर्न सकिनेछ । यसरी स्थलगत रुपमा कार्यक्रम संचालन गर्दा प्रति कार्यक्रम अधिकतम रु.१००००० ।-(एक लाख) खर्च गर्न सकिनेछ ।

- कृषक पाठशाला सञ्चालन।
- एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management)।
- झोला मल निर्माण र प्रयोग सम्बन्धी प्रशिक्षण।
- वाली उपचार, रोग र कीरा नियन्त्रण।
- जैविक तथा रासायनिक विषादीहरूको निशुल्क वितरण (सुरक्षित प्रयोग निर्देशसहित)।

**३. सन्देशमूलक गतिविधिहरूः**

- तरकारी वालीमा रासायनिक विषादीहरूको न्यूनतम प्रयोग सुनिश्चित गर्न विभिन्न सन्देशमूलक ब्रोसर, पर्चा, पोस्टर तथा अन्य प्रचार सामग्री प्रकाशन गरिनेछ।
- कृषकहरुलाई पासो, ल्यूर, जैविक मल तथा अन्य प्राविधिक सामग्री निशुल्क उपलब्ध गराइनेछ।

**४. प्राविधिक सहयोगः**

- कृषक समूह, सहकारी तथा व्यक्तिगत कृषकलाई प्राविधिक मार्गदर्शन, प्रशिक्षण र आवश्यक स्रोत साधन निशुल्क उपलब्ध गराइनेछ।
- कृषकको ज्ञान, सीप तथा प्रविधि प्रयोगमा वृद्धि गर्दै दिगो कृषि अभ्यास प्रवर्द्धन गरिनेछ।

**५.सुरक्षा तथा वातावरणीय व्यवस्थापनः**

- जैविक र रासायनिक उत्पादनहरूको प्रयोग गर्दा मानव स्वास्थ्य र वातावरणीय प्रभाव न्यून गर्न आवश्यक सावधानी अपनाइनेछ।
- पर्यावरणमैत्री तथा सुरक्षित कृषक अभ्यासको प्रचार-प्रसार गरिनेछ।

**(६) स्थलगत अनुगमन तथा मुल्याङ्कन समिति**

१. सुस्ता गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको ३ सदस्यीय स्थलगत अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ।

२. मूल्याङ्कन समितिले सम्बन्धित योजना तथा कार्यक्रमको स्थलगत अवलोकन, कागजात परीक्षण तथा आवश्यक तथ्य सङ्कलन गरी स्वीकृत मापदण्डका आधारमा प्रस्तावनाको मूल्याङ्कन तथा अङ्कन गर्नेछ।

३. समितिले तयार गरेको मूल्याङ्कन प्रतिवेदन तथा अङ्कन विवरण कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्नेछ, जसका आधारमा प्रस्ताव छनौट सम्बन्धी अन्तिम निर्णय गरिनेछ।

४. मूल्याङ्कन समितिको संरचना, सदस्यहरूको नामावली तथा जिम्मेवारी तपसिल बमोजिम रहनेछ।

**तपसिल**

संयोजकः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत १ जना

सदस्य : कृषि शाखामा कार्यरत सहायक स्तर कर्मचारी १ जना

सदस्य सचिव : शाखा प्रमुख ( कृषि शाखा)

**७. कार्यक्रम व्यवस्थापन समिति**

सुस्ता गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन हुने वार्षिक योजना तथा कार्यक्रमहरूको प्रस्तावना छनौट, स्वीकृति सिफारिस तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः

**तपसिल**

- **संयोजकः** गाउँपालिका अध्यक्ष
- **सदस्यः** गाउँपालिका उपाध्यक्ष
- **सदस्यः** प्रमुख प्रशासकीय अधिकृत
- **सदस्यः** लेखा अधिकृत (आर्थिक प्रशासन शाखा)
- **सदस्यः** योजना तथा अनुगमन शाखा प्रमुख

**(८) भुक्तानी प्रक्रियाः**

१. कार्यक्रम सञ्चालनमा सहभागी हुने सेवाग्राहीहरूले स्वीकृत प्रस्ताव तथा सम्पन्न गरिएको सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

२. कार्यक्रम निर्धारित मापदण्ड तथा सम्झौताअनुसार सम्पन्न गरी अनुदान रकम माग गरेको अवस्थामा, प्रचलित आर्थिक ऐन, नियमावली तथा अनुदान वितरण सम्बन्धी निर्देशिका बमोजिम कार्यालयबाट अनुदान रकम भुक्तानी गरिनेछ।

३. अनुदान रकम भुक्तानीका लागि सेवाग्राहीले कार्यक्रम सम्पन्न पश्चात् कार्यक्रमको प्रकृतिअनुसार निम्न कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछः

(क) सम्बन्धित प्राविधिकबाट तयार गरिएको मूल्याङ्कन प्रतिवेदन,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) योजना सम्पन्न भएको पुष्टि गर्ने स्थलगत फोटोहरू,

(घ) खर्च सम्बन्धी सक्कल बिल, भरपाई तथा अन्य आवश्यक प्रमाण कागजातहरू।

४. पेश भएका कागजातहरूको परीक्षण तथा प्रमाणीकरण पश्चात् कार्यालयले नियमानुसार स्वीकृत अनुदान रकम सेवाग्राहीको खातामा विद्युतीय कोष स्थानान्तरण (Electronic Fund Transfer) प्रणालीमार्फत भुक्तानी गर्नेछ।

५. कागजात अपूर्ण, असत्य वा प्रचलित कानूनसँग बाझिने देखिएमा आवश्यक स्पष्टीकरण माग गरी भुक्तानी प्रक्रिया स्थगित गर्न सकिनेछ।

(७) **अनुगमनः**

१. **सुस्ता गाउँपालिका कृषि विकास शाखाबाट सञ्चालन गरिएका कार्यक्रमहरू** सम्बन्धित वडा कार्यालयको समन्वयमा गठित अनुगमन समिति तथा तोकिएका पदाधिकारीमार्फत नियमानुसार अनुगमन गरिनेछ।

२. अनुगमनका क्रममा कार्यक्रम सञ्चालन गर्ने पक्षले सम्बन्धित कार्यक्रमको प्रगति, वित्तीय विवरण तथा अन्य आवश्यक सूचनाहरू उपलब्ध गराउनु पर्नेछ। साथै अनुगमन टोलीद्वारा सोधिएका विषयमा स्पष्ट जवाफ दिनु तथा प्रदान गरिएका निर्देशनहरूको पालना गर्नु अनिवार्य हुनेछ

३. कार्यालय वा शाखाबाट अनुगमन/निरीक्षणमा खटाइएका कर्मचारीले अनुगमन सम्पन्न पश्चात् तोकिएको ढाँचामा अनिवार्य रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ। प्रतिवेदन पेश नगरेको अवस्थामा अनुगमन भत्ता उपलब्ध गराइने छैन।

४. अनुगमन भत्ता तथा सम्बन्धित सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम प्रदान गरिनेछ।

५. अनुगमन कार्य पारदर्शिता, निष्पक्षता र उत्तरदायित्वको सिद्धान्त अनुरूप गरिनेछ तथा अनुगमनका क्रममा प्राप्त विवरण तथा कागजातहरूको सत्यता परीक्षण गरिनेछ ।

६. अनुगमन टोलीले स्थलगत अवलोकन, लाभग्राहीसँग अन्तरक्रिया, अभिलेख परीक्षण तथा आवश्यक परेमा फोटो, भिडियो वा अन्य प्रमाण सङ्कलन गर्न सक्नेछ।

७. अनुगमनबाट प्राप्त निष्कर्ष तथा सुझावहरू सम्बन्धित पक्षलाई लिखित वा मौखिक रूपमा जानकारी गराइनेछ र आवश्यक सुधारका लागि तोकिएको समयसीमा प्रदान गरिनेछ।

८. अनुगमन प्रतिवेदन कार्यालय प्रमुख समक्ष पेश गरिनेछ र प्रतिवेदनका आधारमा आवश्यक निर्देशन, सुधारात्मक कदम वा निर्णय गरिनेछ।

९. कार्यक्रम कार्यान्वयन सम्बन्धी गुनासा वा उजुरी प्राप्त भएमा कार्यालयले आवश्यक छानबिन गरी तथ्यका आधारमा निर्णय गर्नेछ।

१०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सम्पूर्ण अभिलेख कार्यालयमा सुरक्षित राखिनेछ र आवश्यक परेमा लेखापरीक्षण तथा अन्य निकायलाई उपलब्ध गराइनेछ।

११. यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम कार्यान्वयन गरिनेछ।

(८). **विविधः**

१. **सुस्ता गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालन हुने कार्यक्रमहरू** सम्बन्धित अनुदानग्राहीले स्वीकृत प्रस्ताव, सम्झौता तथा प्रचलित कानुन बमोजिम प्रभावकारी, पारदर्शी र उत्तरदायी ढङ्गले कार्यान्वयन गर्नु पर्नेछ।

२. कार्यक्रम सञ्चालनको क्रममा कुनै द्विविधा, अस्पष्टता वा विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरूबीच आपसी समझदारी तथा सहमतिबाट समाधान गरिनेछ्स समाधान हुन नसकेमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

३. स्वीकृत कार्यक्रम तथा कार्यविधिमा आवश्यक परिमार्जन वा संशोधन गर्नु परेमा सम्बन्धित कार्यालयको औपचारिक निर्णय बमोजिम मात्र गरिनेछ।

४. कृषि विकास कार्यक्रमसँग सम्बन्धित सरकारी तथा गैर—सरकारी संघ/संस्थाहरूसँग समन्वय र सहकार्य आवश्यक परेमा कार्यालयको पूर्वनिर्देशन तथा स्वीकृति अनुसार मात्र कार्यक्रम सञ्चालन तथा सिफारिस गर्न सकिनेछ।

५. स्वीकृत कार्यक्रम तोकिएको समयसीमा भित्र सञ्चालन गरी सम्पन्न गर्नु अनिवार्य हुनेछ।

६. कार्यक्रम सञ्चालनका लागि पेश गरिने प्रस्ताव तथा निवेदनहरू प्रकाशित सूचना तथा तोकिएको अनुसूची फाराम बमोजिम पूर्ण कागजात सहित कार्यालयमा पेश गर्नु पर्नेछ।

७. यस सम्बन्धी व्यवस्थामा प्रचलित कानूनसँग बाझिने कुनै व्यवस्था भएमा त्यस्तो व्यवस्था स्वतः अमान्य हुने छ र प्रचलित कानून बमोजिम नै कार्यान्वयन गरिनेछ।

## अनुसूचीः१
## व्यवसायिक योजनाको ढाँचा

**१. कार्यक्रमको संक्षिप्त परिचयः**

**१.१ कार्यक्रमको नामः**

**कार्यक्रम संचालन गरिने स्थानः**

**कार्यक्रमको किसिमः**

**कार्यक्रम सञ्चालनको समयावधिः मिति ...........................देखि ................सम्म**

**२. आबेदकको नाम र ठेगानाः**

**३. सम्पर्क ब्यक्तिको नाम : सम्पर्क नं.ः**

**४. कार्यक्रमको कूल लागत रकमः**

**५. योजना/कार्यक्रमको संक्षिप्त परिचयः**

**५.१ कार्यक्रमको उद्देश्यः**

**५.२ लाभान्वित हुने घर धुरि संख्याः प्रत्यक्षः अप्रत्यक्षः**

**५.३ लाभान्वित हुने जनसंख्याः प्रत्यक्षः अप्रत्यक्ष**

५.४ जग्गाको क्षेत्रफलः .....विगाह ........कठ्ठा .......धुर

५.५ जग्गाको स्वामित्व : आफ्नै/ करार/अन्य

५.६ प्रमुख रुपमा लगाइने वालीहरु र अनुमानित वार्षिक उत्पादन :

५.७ पशु चौपायाहरुको विवरणः बाख्रा : गाई/भैसीः पाडापाडीः

५.६ योजना स्थलमा रहेका पूवार्धाहरुः

५.७ कृषि सम्बन्धी कुनै तालिम लिएको/ नलिएको : ( लिएको भए कुन तालिम हो :

तालिम अवधिः

५.८ कार्यक्रम सञ्चालन सम्वन्धी अनुभवः

(क) छ/छैन ( अनुभव भए ३ वर्षभन्दा कम ( ) ३ वर्षभन्दा बढी ( )

६. प्रस्तावित क्रियाकलापहरु र खर्चको विवरणः

| क्र.स. | प्रस्तावित क्रियाकलापहरु | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | कृषकको लागत साझेदारी रु. | अन्य निकाय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| **जम्मा** | | | | | | | | |

६.अनुदान सम्बन्धी विवरणः पाएको/ नपाएको ( पाएको भए तपसिलमा खुलाउने)

| क्र.स. | अनुदान दिने कार्यालय/संस्था | आ.व. | अनुदानमा पाएको यन्त्र तथा उपकरण | अन्य अनुदान भए | जम्मा अनुदान रकम रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

७. कार्यक्रम सञ्चालनमा चुनौती तथा समस्याहरु : छ/ छैन ( भएमा के कस्ता हुन् )

८. प्रस्तावित कार्यक्रमबाट वातावरणीय प्रभावः पार्ने/ नपार्ने ( पार्ने भए के के हुन् उल्लेख गर्ने )

९. योजना संचालन गर्न लाग्ने जनशक्ति विवरणः

१०. योजना संचालन हुने स्थान स्थानः सुस्ता गा.पा. वडा नं. ..........टोल ..................

११. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु के के हुन्?

क.

ख.

ग.

समूह/सहकारी/उद्यमी/ फर्मको को नामः

संस्थाको छाप

निवेदकः
पदः
दस्तखत :
सम्पर्क नं.:

## अनुसूची– २

## लगत अद्यावधिकरणको लागि सुस्ता गाउँपालिकाभित्र रहेका सिंचाई बोरिङ्गहरूको विवरण

१. बोरिङ्ग रहेको वडा नं.: टोल /स्थानः
२. बोरिङ्ग रहेको जग्गाको स्वामित्वः निजी/सार्बजनिक (टिक लगाउने)
३. बोरिङ्ग रहेको जग्गा निजी भए जग्गाधनीको नामः
ठेगानाः सुस्ता गाउँपालिका .........वडा ...................टोल
४. जग्गाधनी लालपुर्जा अनुसार उल्लेख गर्ने वडा नं.: कित्ता नंः क्षेत्रफलः
५. बोरिङ्गको स्वामित्व (निजी/सामुदायिक):
६. बोरिङ्ग जडान गरिदिने संस्थाको नाम (आफै जडान गरेको भए स्वयं लेख्ने :
७. बोरिङ्ग संचालन गर्ने जिम्मेवारी कसको रहेको छः
८. बोरिङ्ग जडान भएको मितिः
९. बोरिङ्गवाट पानीको डिस्चार्ज लिटर प्रति सेकेण्डः
१०. बोरिङ्गबाट सिचाई भइहेको हालको क्षेत्रफलः
११. लाभान्वित परिवार संख्याः
१२. बोरिङ्गको गहिराई (४० मिटर सम्मको स्यालो र ४० मिटर भन्दा गहिरो भए डिप वोर):
१३. बोरिङ्गको साईज (हाउजिङ्ग/आउटलेट/मुखको साईज.......ईन्ची, जालीको साईज......ईन्ची):
१४. वाटर लेभल/पानीको सतह रहेको गहिराई फिटः
१५. बोरिङ्गको हालको अवस्था (चालु/मर्मत गर्नु पर्ने/बन्द):
१६. यस वोरको सिंचाईवाट गत आ.व.मा वाली प्रणालीः
वर्षे बाली...................हिउँदे बाली.............वसन्ते वाली.......
समय समयमा बोरिङ्ग बिग्रदा कहाँवाट मर्मत सेवा प्राप्त हुन्छ?
१७. डीप बोरिङ्ग भए ट्रान्सफर्मरको क्षमताः
१८. डिमान्ड चार्ज मासिक रूः
१९. गत आ.वको कूल जम्मा विधुत खर्च लागेको रकम रूः
२०. बोरिङ्ग संचालन खर्च कस्ले ब्यहोंने गरेको छः
२१. बोरिङ्गमा समरसिवल वा पम्पसेट के को प्रयोगवाट पानी तानिन्छः
२२. बोरिङ्गमा प्रयोग भएको पम्पको क्षमता कति छ । (हर्ष पावर):
२३. गत आ.व.मा कार्यक्रम संचालनका लागि अनुदान लिएको भए खुलाउनेः
२४. बोरिङ्गको बारेमा थप जानकारी/सेवा शर्तहरू केही भए सो उल्लेख गर्नेः

विवरण तयार गर्नेः

कार्यालयको छाप

प्रमाणित गर्ने

नामः

पदः

इति सम्बत.......साल..........महिना.......गते .....रोज शुभम् ।

## अनुसूची– ३

## तरकारी खेतीका लागि नगरपालिकासंगको सहकार्यमा ग्रिन हाउस/प्लाष्टिक घर/ इन्सेक्ट नेट /प्लाष्टिक टनेल निर्माण गर्नका लागि दिइने निवेदनको ढाँचा

**विषयः साझेदारीमा लागि ग्रिन हाउस/प्लाष्टिक घर/इन्सेक्ट नेट/ प्लाष्टिक टनेल निर्माण निर्माण गरी पाउँ ।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुस्ता गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा सुस्ता गाउँपालिकाको मिति...................को सूचना बमोजिम ............ प्रतिशत अनुदानमा ग्रिन हाउस/प्लाष्टिक घर/इन्सेक्ट नेट/ प्लाष्टिक टनेल निर्माण गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नका लागि सूचना बमोजिमका सेवा शर्तहरू पालना गर्ने गरी ग्रिन हाउस निर्माण गर्नका लागि तपसिलको विवरण सहित यो आवेदन पेश गरेको छु/छौं ।

तपसिलः

१. कृषि उद्यमी/कृषक/समूह/सहकारी/ फर्मको नामः
२. संचालकको नाम :
३. ठेगानाः सुस्ता गाउँपालिका वडा नं.........टोलः ...................
४. संरचना निर्माण गरिने जग्गा करारमा लिएको भए जग्गा धनिको नामः
५. जग्गा रहेको स्थानः सुस्ता गाउँपालिका वडा नं......कित्ता नं...........क्षेत्रफलः.....
६. सिंचाईको श्रोत छ /छैन ( भएमा कुन हो खुलाउने ) .......................
७. विगतमा ग्रिन हाउस/प्लाष्टिक घर/इन्सेक्ट नेट/ प्लाष्टिक टनेल निर्माण भए
   संख्याः ..... साइज ............ क्षेत्रफलः..........
८. संरचना निर्माणको लगानी स्रोत

| क्र.स. | संरचनाको नाम | कार्यालयको अनुदान | निजी लगानी रु | अन्य निकायको सहयोग रु | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

**२. हाल निर्माण गर्न चाहेको संरचनाको विवरण**

| क्र.स. | संरचनाको नाम | माग संख्या | आकार | क्षेत्रफल वर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**आवेदकको नामः**
**पदः**
**दस्तखतः**
**सम्पर्क नं.:**

## अनुसूची— ४

## प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू

**१.कृषक /उद्यमीहरुको लागि**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
(ख) जग्गाधनीको लालपूर्जा वा करार सम्झौताको प्रतिलिपि ।
(ग) चालु आ.व. को एकीकृत सम्पति कर तिरेका रसिदको प्रतिलिपी ।
(घ) कृषक/उद्यमी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।( दर्ता भएमा)
(ङ) वडा कार्यालयको सिफारिस पत्र ।
(च) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता पत्र ।

**२ कृषक समूह /कृषि फर्मको लागि**

(क) कृषक समूह वा फर्म दर्ता प्रमाण पत्र
(ख) समितिको बैठकको निर्णय प्रतिलिपी । ( समूहको हकमा)
(ग) स्थायी लेखा नं.को प्रतिलिपी ।
(घ) कर चुक्ता पत्रको प्रतिलिपी ।
(ङ) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपी ।
(च) वडा कार्यालयको सिफारिस पत्र ।
(छ) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता पत्र

**३ कृषि सहकारी संस्थाको लागि**

(क) सहकारी दर्ता प्रमाण पत्र तथा निणर्य प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) समितिको बैठकको निर्णय प्रतिलिपी ।

(घ) स्थायी लेखा नं.को प्रतिलिपी

(ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(च) वडा कार्यालयको सिफारिस पत्र ।

## अनुसूची ५

## मागमा आधारित कार्यक्रमको मूल्याङ्कनका मापदण्डहरु

**आवेदक (फर्म/समूह/ कृषि सहकारी)को नाम :**

**ठेगाना :**

**सञ्चालक/अध्यक्षको नाम :** **सम्पर्क नं.:**

**कार्यक्रमको नामः**

**माग गरिएको कृषि यन्त्र तथा उपकरणहरु :**

| क्र.स. | सूचाङ्काका आधारहरु | अधिकतम सम्भाव्य अङ्क | प्रासाङ्क | कै. |
|---|---|---|---|---|
| **१.** | **कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित वर्ग ( समूह/सहकारी/संस्था/ समिति/फर्म आदि)** | १० | | |
| क | कृषि सहकारी | १० | | |
| ख | कृषक समूह | ८ | | |
| ग | कृषि फर्म | ५ | | |
| घ | कृषक | ३ | | |
| २ | **सामाजिक एवं लैङ्गिक सहभागिता ( महिला/पुरुष/ दलित आदि )** | १० | | |
| क | मधेशी/दलित/एकल महिला उद्यमी भए | १० | | |
| ख | महिला उद्यमी भए | ७ | | |
| ग | पुरुष उद्यमी भए | ५ | | |
| ३ | **वाली बस्तु उत्पादनको आधारमा** | २० | | |
| अ | **तरकारी खेती** | २० | | |
| क | १ विगाह भन्दा माथि | २० | | |
| ख | १० भन्दा माथि १ विगाहसम्म तरकारी खेती गर्दै आएमा | १५ | | |
| ग | २ देखि १० कठ्ठा क्षेत्रफलसम्म तरकारी खेती गर्दै आएको भएमा | १० | | |
| आ | **फलफूल खेती** | **१५** | | |
| क | १ विगाह भन्दा माथि | १५ | | |
| ख | १० भन्दा माथि १ विगाहसम्म फलफूल खेती गर्दै आएमा | १२ | | |
| ग | २—१० कठ्ठा क्षेत्रफलसम्म फलफूल खेती गर्दै आएको भएमा | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| **इ** | **खाद्यान्न वाली** | **१०** | | |
| **क** | १ विगाह भन्दा माथि | १० | | |
| **ख** | १० भन्दा माथि १ विगाहसम्म खाद्यान्न खेती गर्दै आएमा | ८ | | |
| **ग** | ३ देखि १० कठ्ठा क्षेत्रफलसम्म खाद्यान्न खेती गर्दै आएको भएमा | ५ | | |
| ४ | **अनुदान वापत** | **२०** | | |
| क | विगत ५ वर्ष भित्र कुनै पनि प्रकृतिको अनुदान नपाएको नभएमा | २० | | |
| ख | विगत २ वर्ष भित्र कुनै पनि प्रकृतिको अनुदान नपाएको नभएमा | १५ | | |
| ग | विगत २ वर्ष भित्र सोही प्रकृति भन्दा फरक प्रकृतिको अनुदान पाएको भएमा (अनुदान रकम रु.१५००० भन्दा बढी मूल्य पर्ने सामाग्री वा नगदै) | १० | | |
| **घ** | विगत २ वर्ष भित्र सोही प्रकृतिको अनुदान पाएको भएमा | ५ | | |
| **५** | **प्रस्तावनाको स्पष्टता** | **१५** | | |
| **क** | अनुसूचीमा प्रस्तावित क्रियाकलाप, रकम सहित प्राविधिकबाट लागत अनुमान तयार गरेको भए | १५ | | |
| **ख** | अनुसूचीमा प्रस्तावित क्रियाकलाप र अनुमानित रकम स्पष्ट रुपमा उल्लेख गरिएको भए | १२ | | |
| **ग** | अनुसूची सहित व्यवसायिक योजनामा प्रस्तावित क्रियाकलाप मात्र उल्लेख गरिएको भए | ९ | | |
| **घ** | अनुसूचीमा मात्र पेस गरिएको भए | ५ | | |
| ६ | **प्रस्तावित वाहेक परियोजनाबाट लाभान्वित हुन सक्ने अन्य (सहायक) लाभान्वित वर्गहरु ( दलित, जनजाती र अन्य)** | **५** | | |
| **क** | २० भन्दा माथि | ५ | | |
| **ख** | १० देखि २० जना भए | ४ | | |
| **ग** | ५ देखि १० जना भए | ३ | | |
| ७ | **आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव** | **१०** | | |
| **क** | फर्म/समूह/सहकारी दर्ता भएको ५ वर्ष भन्दा बढी भएमा | १० | | |
| **ख** | फर्म/समूह/सहकारी दर्ता भएको २ देखि ५ वर्ष भएमा | ८ | | |
| **ग** | फर्म/समूह/सहकारी दर्ता भएको २ वर्ष भन्दा कम भएमा | ५ | | |
| ८ | **अन्य कागजातहरु** | **१०** | | |
| ख | वडा कार्यालयको सिफारिस समावेश भए | ५ | | |
| **क** | प्रतिवद्धता पत्र समावेश भए | ५ | | |
| | **कुल जम्मा** | १०० | | |

## ९. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरू

(क)

(ख)

## १०. स्थलगत अनुगमन टोलीको रायः

**११.स्थलगत अनुगमनकर्ताको नाम**

| क्र.स. | अनुगमनकर्ताको नाम | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

आज्ञाले,

प्रमाणिकरण मितिः २०८२।१२।०१

हुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत